# साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९

स्वीकृत मितिः २०७९/०९/०७

यस प्रदेशमा साइलेजको उत्पादन र प्रयोग बढाउन तथा बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित र पारदर्शी बनाई दुधको उत्पादकत्व अभिवृद्धि गर्न मन्त्रालयले "**साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९**" बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सञ्चालन प्रक्रियामाः-

(क) **"आपूर्तिकर्ता"** भन्नाले यस सञ्चालन प्रक्रिया अनुरुप छनौट भएका साइलेज उत्पादन तथा वितरण गर्ने संस्थालाई सम्झनुपर्छ।

(ख) **"आवेदक"** भन्नाले यस सञ्चालन प्रक्रिया एवं सार्वजनिक सूचना बमोजिम कार्यक्रममा प्रस्ताव पेश गर्न योग्य सहकारी संस्था/ कृषक समूह/निजी फार्म सम्झनुपर्छ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदशे सम्झनुपर्छ।

(ङ) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(छ) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम संञ्चालन गर्न छनौट भएका सहकारी संस्था/समूह/निजी फर्म सम्झनुपर्छ।

३. उद्देश्यः यस सञ्चालन प्रक्रियाको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पशु आहाराको अभाव हुने समयमा कृषकहरुको साइलेजमा पहुँच बढाई पशु उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(ख) दूध तथा दुग्धजन्य पदार्थको उत्पादन लागत कम गर्ने।

(ग) साइलेजको उत्पादन र खपत बढाई बजारीकरणमा सहयोग पुऱ्याउने।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा व्यवस्था भए बमोजिम मूल्यांकन समिति रहनेछ।

२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले गर्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. कार्यक्रम सञ्चालनः (१) यस कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा लागू हुनेछ।

| क्र.स. | कार्यक्रम विवरण | कार्यक्रम संचालन हुने जिल्ला | इकाई | प्रोत्साहन | कैफियत |
|---|---|---|---|---|---|
| १ | साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम (प्रतिदिन १ गाई/भैंसीलाई १० के.जी साइलेज) | बागमती प्रदेशका सबै जिल्ला | के.जी | प्रतिदिन प्रति के.जी बढीमा रु. ७ को दरले २ महिनाका लागि | बढीमा १० मे.टन प्रति फार्म |

७. सूचना प्रकाशनः (१) बोर्डले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद राखी साइलेज आपूर्तिकर्ता सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।पहिलो पटकको सूचना अनुसार आपूर्तिकर्ताहरुबाट प्रस्ताव पेश नभएमा पुनः ७ दिनको म्याद दिई प्रस्ताव आह्वान गरिनेछ।

(२)बोर्डले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद राखी साइलेज खरिद गर्न चाहने सहकारी/कृषक समूह/निजी फार्मबाट प्रस्ताव लिने सम्बन्धमा अनूसूची-२ बमोजिमको सूचना

प्रकाशन गर्नेछ ।पहिलो पटकको सूचना अनुसार कृषकहरुबाट प्रस्ताव पेश नभएमा पुनः ७ दिनको म्याद दिई प्रस्ताव आह्वान गरिनेछ।

८. <u>सूचिकृत हुनु पर्नेः</u> (१) दफा ७ को उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक आपूर्तिकर्ताले सूचनामा उल्लिखित कागजातहरु सहित बोर्डमा सुचिकृत हुन अनुसूची-३ बमोझिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(२) आपूर्तिकर्ताले सुचीकृत गर्दा सूचनामा माग गरिएका कागजातका साथै नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-४ मा उल्लिखित साइलेजको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (तीन महिना भित्रको) पेश गर्नु पर्नेछ ।

९. <u>आवेदन पेश गर्नेः</u> (१) दफा ७ को उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार आवेदकले आवश्यक कागजात तथा अनुसूची-६ अनुसारको संक्षिप्त कार्य योजना सहित अनुसुची-५ बमोजिमको ढाँचामा आवेदन बोर्ड वा बोर्डले तोकेको कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) नेपालमा उत्पादित साइलेजलाई मात्र यस कार्यक्रममा समावेश गरिने छ ।

(३) आपूर्तिकर्ताले सुचिकृत गर्दा आफुले उत्पादन गर्ने साइलेजको ब्राण्ड नाम, प्रति इकाई मूल्य, कम्पनीको शाखा/ बिक्री कार्यालयहरु र सो आर्थिक वर्षमा उपलब्ध गराउन सक्ने साइलेजको परिमाण प्रष्ट उल्लेख गर्नु पर्नेछ ।

(४) साइलेजको उत्पादन मिति (Manufacturing date), म्याद गुज्रने मिति (Expiry date), ब्याच नम्बर, तौल तथा साइलेजमा रहेको पोषण तत्वको मात्रा प्रत्येक प्याकेटमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

१०. <u>आवेदकको छनौट र कार्यक्रम कार्यान्वयन सम्झौताः</u> (१) दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले मापदण्ड पुरा गरेका आवेदकहरूलाई छनौट गर्नेछ।

(२) छनौट भएका आवेदकले सूचना प्रकाशनको मितिले १५ दिन भित्र सम्झौताको लागि बोर्डमा सम्पर्क गर्नुपर्नेछ ।

(३) छनौट भएका आवेदकहरुसँग बोर्डले सम्झौता गर्नेछ ।

(४) गाई/भैंसीको संख्याका आधारमा साझेदार संस्थालाई दैनिक आवश्यक पर्ने साइलेजको परिमाण बोर्डले निर्धारण गर्नेछ।

(५) साझेदार संस्थाले बोर्डमा सुचिकृत भएका आपुर्तिकर्तामध्येबाट साइलेज खरीद गर्नु पर्नेछ।

११. <u>मासिक प्रतिवेदन पेश गर्नु पर्ने:</u> आपूर्तिकर्ताले प्रत्येक महिना आफुले सहुलियतमा बिक्री वितरण गरेको साइलेजको विवरण बोर्डलाई पेश गर्नुपर्नेछ ।

## परिच्छेद -४

## <u>आर्थिक पक्ष</u>

१२. बोर्डले विनियोजित बजेटको अधीनमा रही प्रोत्साहन रकम प्रति के.जी बढीमा रु. ७ को दरले २ महिनाको लागि साझेदार संस्थालाई उपलब्ध गराइनेछ। तत् पश्चात कार्यक्रमको प्रभावकारिता र उपलब्धि (दूध उत्पादनमा २०% वृद्धि) का आधारमा कार्यक्रमलाई निरन्तरता दिन सकिनेछ।

१३. साझेदार संस्थाले भुक्तानीका लागि साइलेज खरिदको प्रमाण र बैंक कारोबारको प्रतिलिपी, अनुसूची-७ बमोजिमको विवरण तथा सम्झौता अनुसारका कागजात पेश गरी भुक्तानीको लागि निवेदन दिनुपर्नेछ ।

१४. बोर्डले प्राप्त बिलभर्पाईको चेकजाँच गरी आवश्यकता अनुसार स्थलगत अनुगमन पश्चात नियमानुसार भुक्तानी दिनेछ।

१५. कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरीक्षण, इन्धन, आदि कार्यमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद -५

## <u>मापदण्डका आधारहरु</u>

१६. इच्छुक आवेदकहरुले यस कार्यविधि अनुसार प्रोत्साहन रकम पाउन देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनुपर्नेछः-

(क) आवेदकले सबै गाई/भैंसीको अनिवार्य बीमा गरेको हुनुपर्नेछ।

(ख) नियमअनुसार सम्बन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ।

(ग) जैविक सुरक्षा सम्बन्धि नियमहरु पालना गर्ने प्रतिवद्धता गर्नुपर्नेछ।

## परिच्छेद -६

## विविध

१७. कारबाहीको व्यवस्था: (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई मन्त्रालय, बोर्डले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदार संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा प्रोत्साहन रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

१८. बाधा अड्काउ फुकाउने: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१९. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसंग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूचि -१

(दफा-७ (१) सँग सम्बन्धित)

<u>साइलेज आपूर्तिकर्ता सूचीकरण सम्बन्धी सूचना</u>

**प्रथम पटक प्रकाशित मितिः**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा अन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम** अन्तर्गत छनौट भएका साझेदार संस्थाहरुलाई साइलेज विक्री गर्न इच्छुक तथा साइलेज विक्री वितरण गर्न अनुमति प्राप्त संस्थाहरुले सूचिकरण गर्नु पर्ने **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** को व्यवस्था बमोजिम तपसिलका कागजात सहित प्रदेश दुग्ध विकास बोर्डमा सूचनाको मितिले २१ दिन भित्र सूचिकरण गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु. १०।– को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
४. प्यान दर्ताको प्रतिलिपि,
५. कर चुक्ता प्रमाण पत्र,
६. अनुसूची-३ बमोझिमको साइलेजको मापदण्ड तथा गुणस्तर पूरा गरेको नेपाल सरकारको मान्यता प्राप्त प्रयोगशालाबाट प्राप्त प्रमाण-पत्र,
७. अन्य सम्बन्धित कागजातहरु।

अनुसूचि -२

(दफा-७ (२) सँग सम्बन्धित)

<u>आवेदन आव्हानको सूचना</u>

**प्रथम पटक प्रकाशित मितिः**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा अन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९"** अनुसार साइलेज खरिद गर्न बागमती प्रदेशका सहकारी संस्था/ समूह/निजी फार्मलेयो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र प्रदेश दुग्ध विकास बोर्ड तथा बोर्डले तोकेको कार्यालयमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु. १०।– को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
४. प्यान प्रमाण पत्रको प्रतिलिपि,
५. गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
६. दूध उत्पादनको परिमाण खुल्ने प्रमाण पत्र,
७. मौजुदा गाई/भैंसीको संख्या (फोटो सहित)।

अनुसूचि -३

(दफा ८(१) सँग सम्बन्धित)

<u>आवेदन -पत्र</u>

मितिः

श्रीमान् निर्देशकज्यू,

प्रदेश दुग्ध विकास बोर्ड,

........................ ।

<u>विषयः सूचिकृत हुन पाउँ ।</u>

प्रस्तुत विषयमा प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेशको मिति .............................. मा ....................................... पत्रिकामा प्रकाशित सूचना अनुसार बोर्डको आ.व ............................... को स्वीकृत कार्यक्रम **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम** का लागि छनौट भएका साझेदार संस्थाहरुलाई साइलेज विक्रि वितरण गर्न यस संस्था इच्छुक भएकाले तपसिल बमोझिमका कागजातहरु संलग्न राखी सुचिकृत हुन पाउँ भनी सविनय यो निवेदन पेश गरेको छु ।

तपशिलः

(१) ..............................
(२) ..............................
(३) ..............................

<u>आवेदकः</u>

दस्तखतः

नामः

पदः

संस्थाको नामः

संस्थाको छापः

अनुसूचि-४

(दफा-८ (२) सँग सम्बन्धित)

<u>साइलेजको मापदण्ड तथा गुणस्तर</u>

| क्र सं | मापदण्ड | अङ्क/गुण |
|---|---|---|
| १ | पि.एच (PH) | अधिकतम ४.५ |
| २ | रङ्ग (Color) | Greenish Yellow |
| ३ | जलांश | ६५% Moisture |

अनुसूचि -५

(दफा ९(१) सँग सम्बन्धित)

<u>आवेदन -पत्र</u>

मितिः

श्रीमान् निर्देशकज्यू,

प्रदेश दुग्ध विकास बोर्ड,

........................ ।

<u>विषयः साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रममा सहभागी हुन पाउँ।</u>

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डले गर्न लागेको **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सञ्चालन प्रक्रिया, २०७९"** अनुसार मिति ...................... गते .................... मा प्रकाशन गरिएको सूचनाको आधारमा साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रममा उपलब्ध गराई पाउनका लगि यो निवेदन पेश गरेको छु ।

<u>आवेदक</u>

दस्तखतः

आवेदकको नामः

सम्पर्क नम्बरः

संस्थाको नामः

पदः

संस्थाको छापः

अनुसूचि -६

(दफा ९(१) सँग सम्बन्धित)

<u>संक्षिप्त कार्य योजना</u>

| क्र.स. | फार्मको नाम | हाल मौजुदा दुधालु गाई/भैंसीको संख्या | दैनिक दूध उत्पादन (लि) | आवश्यक साइलेज (के.जी.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>आवेदक</u>

नामः

ठेगानाः

पदः

सम्पर्क नम्बरः

संस्थाको छापः

## अनुसूचि -७

(दफा १३ सँग सम्बन्धित)

**भुक्तानीका लागी साझेदार संस्थाले पेश गर्नुपर्ने विवरण**

| क.स. | आपूर्तिकर्ताको नाम | साइलेज खरिद मिति | साइलेज खरिद (के.जी.) | कार्यक्रम संचालन भन्दा अगाडीको दुध उत्पादन (लि) | कार्यक्रम संचालन पछिको दुध उत्पादन (लि) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

***नोटः*** *साझेदार संस्थाले साइलेज खरिद बैंक कारोबारबाट गर्नु पर्नेछ र भुक्तानीका लागि सो को विवरण, कार्यक्रम संचालन पछिको दुध उत्पादनमा वृद्धिको प्रमाण प्रदेश दुग्ध विकास बोर्डमा पेश गर्नुपर्नेछ ।*